# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड : ४** **संख्या : ७** **पौष 12, 2077**

### भाग - २

### मुसिकोट नगरपालिका

### नगर कार्यपालिकाको कार्यालयको

### सूचना

## कृषक सहकार्य समूह दर्ता तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७

संवत २०७७ सालको कार्यविधि नं. ७

**प्रस्तावना :** नगर क्षेत्र भित्र कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन उत्पादन र उत्पादकत्व वृद्धि गराउनुका साथै प्रशोधन, बजारीकरण, मूल्य श्रृङ्खला अभ्यास, खाद्य तथा पोषण सुरक्षा, गरिवी न्यूनीकरण गरी पूर्ण रोजगारी र समृद्धिको दिशातर्फ अघि बढ्ने कार्य गर्न

**कृषक सहकार्य समूह दर्ता तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७**

आवश्यक भएकोले नगरपालिकाका सबै वडाहरुमा स्थायी बसोबास गर्ने बासिन्दाहरुलाई कृषक सहकार्य समूह मार्फत सुलभ तवरबाट कृषि कर्जा उपलब्ध गराउन आवश्यता भएकोले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सोही बमोजिम मुसिकोट नगरपालिकाले यो कर्यविधि तर्जुमा गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"कृषक सहकार्य समूह दर्ता सम्बन्धी कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क) "नगरपालिका"** भन्नाले मुसिकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

**(ख) "कार्यालय"** भन्नाले मुसिकोट नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

**(ग) "शाखा"** भन्नाले आर्थिक विकास शाखा सम्झनु पर्दछ ।

**(घ) "समूह"** भन्नाले ५ जना कृषक संगठित भई यस कार्यविधि बमोजिम गठन भएको कृषक सहकार्य समूहलाई सम्झनु पर्दछ ।

**(ङ) "कार्यविधि"** भन्नाले कृषक सहकार्य समूह दर्ता तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७ लाई सम्झनुपर्दछ ।

**(च) "समझदारी पत्र"** भन्नाले कृषि क्षेत्रको व्यवसायिकता मार्फत आत्मनिर्भर नगरपालिका निमार्णका लागि तोकिएको बैंक र मुसिकोट नगरपालिका, रुकुम (पश्चिम) बीच कर्जा सहजीकरण कार्यक्रम संचालन गर्ने सम्बन्धी गरिएको समझदारी पत्र सम्झनु पर्दछ ।

३. **उद्देश्यहरु : (१)** कृषक सहकार्य समूहको उद्देश्य देहाय बमोजिम उल्लेखित कृषि, पशु तथा वनजन्य कुनै पनि परियोजना (उत्पादन, भण्डारण, प्रोसेसिङ्ग, कृषि उपज सङ्कलन, उद्योग स्थापना तथा बजारीकरण आदिसम्म) मा प्रत्यक्ष संलग्न भई आर्थिक उत्पादन गरी जीविकोपार्जनमा सुधार तथा गरिबी न्यूनिकरण गर्नु रहेको छ । तपसिल बमोजिमका व्यवसायहरु गर्न सकिनेछ ।

(क) मासु तथा दूग्धजन्य व्यवसाय
(ख) फलफूल खेती
(ग) तरकारी खेती
(घ) जडिबुटी
(ङ) मसला बाली
(च) बिउ उत्पादन
(छ) कृषि तथा वनपैदावारमा आधारित उद्योग व्यवसाय
(ज) पशुपंक्षी पालन

(२) देहायका उद्देश्य परिपूर्तिको लागि कृषक सहकार्य समूह गठन, दर्ता तथा कर्जा प्रवाह गरिनेछ :-

(क) नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (संशोधन समेत) अन्तर्गत व्यवसायिक कृषि तथा पशुपन्छि कर्जा कार्यान्वयनमा सहयोग पुर्याउने,

(ख) सहुलियतपूर्ण कर्जा प्राप्त गर्न क्षमता विकास गरी सक्षम बनाउने,

(ग) लक्षित कार्यक्रमको कार्यान्वयनले गरिबी निवारणमा महत्वपूर्ण योगदान गर्ने,

(घ) उद्यमशीलताका माध्यमबाट व्यक्तिलाई उत्पादनसँग जोड्ने र रोजगारी सिर्जना गर्ने,

(ङ) उद्यमशीलता र स्वरोजगारको लागि नेपालमै संभावना छ भन्ने सकरात्मक सोचको प्रवर्द्धन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोग पुर्याउने,

(च) लक्षित कार्यक्रमहरुको कार्यान्वयनमा साझा उद्देश्य प्राप्तिका लागि सरकारी निकाय तथा वित्तिय संस्थाहरुबीचको समन्वय र सहकार्यको वातावरण तयार गर्ने,

(छ) वैदेशिक रोजगारबाट सीप, अनुभव र धेरथोर पूँजी समेत संकलन गरी स्वदेश फर्किएका युवा पुनः विदेशिनु पर्ने बाध्यताबाट रोकी उद्यमशीलतासँग जोडेर विदेशबाट आर्जीत सीप, अनुभव र पूँजीको स्वदेशमै नै सदुपयोग गर्दै स्वरोजगार बन्न सहयोग पुर्याउने,

(ज) वित्तिय पहुँच एवम् वित्तीय समावेशीतामा अभिवृद्धि गर्ने,

(झ) यस कार्यक्रमलाई नमूना कार्यक्रमको रुपमा कार्यान्वयन गर्ने,

४. **कृषक सहकार्य समूह गठन तथा दर्ता : (१)** कृषि कार्यमा आवद्ध भएका र एउटै उद्देश्य लिएका **५ जना** कृषकहरु सम्मिलित कृषक सहकार्य समूह गठन गरिनेछ ।

(२) समूह गठन गरी कृषि व्यवसायको प्रसार कार्यक्रममा सहभागी हुन नगरपालिका अन्तर्गतको आर्थिक विकास शाखामा कार्यरत प्राविधिकले प्राविधिक सहयोग तथा सहजिकरण गर्नेछन ।

(३) स्वीकृत कार्यक्रमको हकमा आर्थिक विकास शाखाबाट समूह गठन गर्ने कार्यक्रम सञ्चालन गर्दा बखत आवश्यक समूह बैठकका लागि रजिस्टर, कलम, फायलहरु र छाप सहयोग गर्न सक्नेछ ।

(४) समूहले दर्ताका लागि तयार पारेको **नगरपालिकाले तोके** बमोजिमको नि:शुल्क रुपमा उपलब्ध गराएको मस्यौदा विधानको सबै पानामा समूहका सबै सदस्यहरुबाट प्रमाणित गरी सम्बन्धित वडा कार्यालयको सिफारिससहित **अनुसूची -१** बमोजिमको निवेदन दिनुपर्नेछ ।

(५) समूहको बैठक बसी समूह बैठकको निर्णयको साथमा समूहको विधान, समूह दर्ताको लागि नगरपालिकालाई लेखिएको पत्र र सदस्य कृषकहरुको विवरण संलग्न राख्नु पर्नेछ । समूहको आफ्नै छाप हुनेछ ।

(६) उपरोक्त बमोजिम दर्ता हुन आएको निवेदन उपर कार्यालयले प्रक्रिया पूरा गरी समूह दर्ता गरी **अनुसूची –२** बमोजिमको ढाँचामा समूह दर्ता प्रमाणपत्र प्रदान गरिनेछ । वडा कार्यालयबाट समूह दर्ताको सिफारिस गर्दा नगरपालिकाको आर्थिक ऐन अनुसार र कार्यालयमा दर्ता गर्दा रु ५००/– दर्ता दस्तुर लाग्नेछ ।

(७) दर्ता समूहको नवीकरण दुइवर्षको अन्तरालमा आर्थिक वर्षको आश्विन मसान्तभित्रमा गर्नुपर्नेछ । अन्यथा रु ५००/– जरिवानासहित नविकरण गरिनेछ ।

(८) समुहको विधान निर्माण कार्यमा सम्बन्धित वडा कार्यालय वा आर्थिक विकास शाखाले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ  समूहको विधान अनुसूची ५ बमोजिमको ढाँचामा हुनुपर्नेछ।

**५. कृषक समूह परिचालन :** (१) समूह गठन तथा दर्ता भए पश्चात कृषकहरु कृषि सम्बन्धी कार्यहरुका बारेमा छलफल गर्न नियमित रुपमा महिनामा कम्तिमा एकपटक समूह बैठकमा अनिवार्य रुपमा बस्नुपर्नेछ । समूहको आवश्यकता अनुसार जुनसुकै

बेला पनि समूहको बैठक बस्न सक्नेछ । बैठक पश्चात् भएका निर्णयलाई रजिष्टरमा माइन्युट गरी राख्नुपर्नेछ ।

(२) बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरुले मासिक बचत समेत जम्मा गर्नेछन् ।समूह बचत कोषबाट कृषि व्यवसाय संचालन प्रयोजनका लागि तोकिए बमोजिमको ब्याजदरमा सदस्यहरुले ऋण लिन पाउनेछन् ।

(३) सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने बैँकमा समूह एवम् समूहको सामुहिक खाता खोलिनेछ । खातामा अध्यक्षको अनिवार्यसहित कोषाध्यक्ष र सचिवमध्ये कुनै एकको दस्तखत हुनेछ ।

(४) समूहलाई सहुलियत कर्जा उपलब्ध गराउने बैंकमा खोलिएको सामूहिक कोषमा समूहका प्रत्येक सदस्यले आफ्नो उत्पादन बिक्री वापतको निश्चित रकम समूहको निर्णयानुसार नियमित रुपमा जम्मा गर्नुपर्नेछ ।

(५) समूहमा आइपर्ने प्राविधिक समस्याहरु सम्वन्धित प्राविधिकको सहयोगमा निवारण गर्नेछन् । समूहमा आइपर्ने अन्य समस्याहरु समूहको निर्णय अनुसार समाधान गर्नुपर्नेछ । सो हुन नसकेमा प्रचलित व्यवस्था अनुसार हुनेछ । समूहको अनुरोधमा कार्यालयबाट सोको सहजिकरण गर्न सकिनेछ ।

(६) समूहको एक फाइल आर्थिक विकास शाखामा रहनेछ, जसमा समूहको निर्णय, विभिन्न कार्यक्रममा सहभागी भएको रेकर्ड, समूहको बैँक खाताको स्टेटमेन्ट आदि रहनेछन् । समूहले पनि आफ्ना क्रियाकलापहरुको रेकर्ड अद्यावधिक गरी राख्नुपर्नेछ ।

(७) समूहका प्रत्येक सदस्यहरुले आफूले गरेको कृषि कार्यहरुको लागत खर्च र बिक्रिबाट भएको आम्दानीको अभिलेख राख्नुपर्नेछ

र अध्ययन लगायत अन्य प्रयोजनका लागि नगरपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ ।

(८) समूहले प्रत्येक मासिक बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनको अवस्था, प्राप्त भएको उपलब्धि र प्रगतिहरु, परिआएका समस्याहरु, समस्या समाधानका लागि गरिएका प्रयासहरु र सोको प्रतिफल, कृषि कार्यको अवस्था, कृषि कार्य गर्दा भएको खर्च, कृषि उत्पादन र बिक्रि गरी भएको आम्दानी आदि कार्यहरुको चौमासिक समिक्षा गर्नुपर्नेछ ।

(९) समूहका सदस्यहरुले आपसमा मेलमिलापको भावना कायम राख्नुपर्नेछ । यस समूहका बैठकहरुमा समूहका सदस्यहरुको निजी वैयक्तिक विषयहरु उपर छलफल गर्दा उपयुक्त हुन्छ भन्ने समूहलाई लागेमा यस्ता विषयहरु उपर समेत छलफल गरी सामाजिक सद्भाव, सहकार्य र साझेदारीता बृद्धिमा योगदान गर्न सक्नेछन् ।

(१०) समूहले कृषि उत्पादन सामग्रीको व्यवस्थापनको लागि प्रचलित कानून बमोजिम अनुमति लिई विभिन्न कृषिजन्य विउ तथा घाँसको बिउविजन, सेट्सहरु, उन्नत नश्लका पशु (भाले तथा पोथी) मेशिनरी लगायत उत्पादन सामाग्रीहरुको व्यवस्थापन र व्यापारीक कारोवार गर्न सक्नेछन् । आफ्नो समूहभित्र वा बाहिरका कृषकहरुले उत्पादन गरेका कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन र बजारीकरणका कार्यहरु समेत गर्न सक्नेछन् ।

(११) समूहहरुले समूहको सामूहिक स्वामित्व कायम रहने गरी समूहको व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने कृषिजन्य एवम् अन्य उपकरणहरु सामूहिक रुपमा खरिद गरी प्रयोग गर्न सक्नेछन् ।

(१२) कृषक समूहले नगपालिकाबाट सञ्चालन हुने कुनैपनि किसिमका कृषि तथा पशु सेवा वा गैर कृषि तथा पशु सेवा कार्यक्रमलाई सफल पार्न यथासक्य सहयोग गर्नुपर्नेछ ।

(१३) प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरी नगर कार्यपालिकाको निर्णयानुसार नगरपालिकास्तरिय कृषक मूल समितिको गठन हुनेछ । प्रत्येक वडामा समेत वडास्थित यस कार्यविधि अनुसार दर्ता भएका समूहबाट प्रतिनिधित्व हुने गरी वडा समितिको निर्णयानुसार वडास्तरिय कृषक समितिको गठन गर्न सकिनेछ ।

(१४) कृषक समूह गठन पश्चात् समूहगत अभ्यासहरुको अनुभवको आधारमा सहकारीतामा परिणत हुन चाहेमा प्रचलित कानुन अनुसार कृषि समूह सहकारीमा परिणत हुन सक्नेछन् । यस्तो अवस्थामा साविक कृषक समूहले गरेको सबै कार्यहरु सोही सहकारी संस्थाबाट गरे सरह मान्य हुनेछ ।

(१५) नगरपालिकाबाट सञ्चालन हुने कृषि कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समूह मार्फत सञ्चालन गर्न सकिनेछ ।

६. **कृषक सहकार्य समूहको नियमन र पारदर्शिता :** (१) समूहले आफ्नो हिसाब किताब तयार पारी साधारणसभाबाट पारित गरी वार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेछ । नियमानुसार सार्वजनिक सुनुवाई समेत गर्नुपर्नेछ ।

(२) समूह गठन भई दर्ता भएको एक वर्षभित्र र प्रत्येक वर्षमा समूहले साधारण सभाको आयोजना गर्नुपर्नेछ । साधारण सभामा वार्षिक कार्यक्रमहरुको प्रगति समिक्षा, बार्षिक आय व्ययको विवरण, आउँदो वर्षको कार्यक्रमहरुको तर्जुमा लगायत नियमानुसार सम्पादन गर्नुपर्ने कार्यहरु समेत पारित गर्नुपर्नेछ । यसको एक/एक प्रति आर्थिक विकास शाखामा उपलब्ध गराउनुपर्नेछ ।

(३) समूहको सर्वोच्च अंग समूहको अधिवेशन हुनेछ । अधिवेशन गर्ने अवधी समूहको विधान बमोजिम निर्धारण हुनेछ । विधानमा समूहले विशेष अधिवेशनको व्यवस्था समेत गर्न सक्नेछ ।

(४) समूहले अनुमति लिई कुनै अन्य संघ संस्थासँगको सहकार्यमा कृषि तथा पशुपालन प्रविधि अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु सञ्चालन गर्न सक्नेछन् ।

(५) यस नगरपालिकाको अनुगमन व्यवस्था बमोजिम नगरपालिकाबाट एवं नगरपालिकासँगको समन्वयमा नेपाल सरकारका सबै निकायहरुले कृषक समूहका क्रियाकलाप एवं समूहका कागजातहरुको अध्ययन, अवलोकन र अनुगमन गरी पृष्ठपोषण गर्न सक्नेछन् । प्राप्त पृष्ठपोषणहरु उपर समूह बैठकमा छलफल गरी निर्णय गर्नुपर्नेछ ।

७. **शुलभ कर्जा कार्यक्रम :** (१) कोभिड –१९ महामारीबाट उत्पन्न बेरोजगारी समस्या समाधन गर्न अलगथलग रुपमा जनपरिचालन गर्ने नीति अन्तर्गत यस क्षेत्रमा संभावना भएका कृषि तथा वनजन्य व्यवसाय, प्राङ्गारिक तथा उच्च मूल्यका कृषि उत्पादन, सोको व्यवसायिकरण, उत्पादकत्वमा वृद्धि, प्रशोधन, बजारीकरण, मूल्य श्रृङ्खला अभ्यास, खाद्य तथा पोषण सुरक्षा तथा गरिबी न्यूनीकरण गरी पूर्ण रोजगारी र समृद्धिको दिशातर्फ अघि बढ्ने अभियानको रुपमा समूहहरुलाई छनौट भएका बैंक तथा वित्तीय संस्थाहरुबाट शुलभ ब्याजदरमा कृषि कर्जा उपलब्ध गराउने शुलभ कर्जा कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) शुलभ कर्जा कार्यक्रमको लागि बैंक र नगरपालिकाबीच **अनुसूची –४** को ढाँचामा **समझदारी पत्र (Memorandum of Understanding)** कायम हुनेछ ।

(३) समझदारी पत्रमा उल्लेख भए अनुसार समूहहरुलाई विना धितो शुलभ दरमा कृषि कर्जा उपलब्ध हुनेछ ।

(४) शुलभ कर्जा कार्यक्रम सम्बन्धी थप व्यवस्था बैंक र नगरपालिकाबीचको समझदारी पत्र र नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

८. **जोखिम न्यूनीकरण कोष सम्बन्धी व्यवस्था :** (१) बैंक मार्फत कर्जा लिएका समूहको व्यवसाय प्राकृतिक प्रकोप, विपद् लगायत अन्य घटनाहरुका कारण क्षति भई ऋणीले ऋण तिर्न नसक्ने अवस्थामा ऋण तिर्न सहयोग गर्ने उद्देश्यका लागि नगरपालिकाले एक जोखिम न्यूनीकरण कोषको स्थापना गर्नेछ ।

(२) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ :-

(क) नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रम अनुसारको रकम

(ख) उपदफा (१) बमोजिमको उद्देश्यको लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान

(ग) नगर कार्यपालिकाको निर्णयानुसारको रकम

(घ) तोकिए बमोजिमका अन्य रकम

(४) कोषको रकम नगर कार्यापलिकाको निर्णयानुसार उपदफा (१) मा उल्लेखित उद्देश्य पूर्तिको लागि प्रयोग गरिनेछ ।

(५) जोखिम न्यूनीकरण कोषको बनावट श्रोतहरुको संकलन एवं संचालन सम्वन्धी थप व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९. **स्वास्थ्य विमामा आवद्ध हुनुपर्ने :** प्रत्येक समूहका सदस्यहरु स्वास्थ्य विमामा आवद्ध भएको हुनुपर्नेछ ।

१०. **अनुदान सुविधा तथा शर्त सम्बन्धी व्यवस्था :** यस कार्यविधि बमोजिम गठन भएका समूहलाई बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने कर्जाको हकमा नगरपालिकाबाट नगर कार्यपालिकाको निर्णयानुसार नेपाल सरकारबाट जारी सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम ब्याज अनुदान सुविधा उपलब्ध हुन सक्नेछ ।

११. **नगरपालिकाबाट सञ्चालन हुने बजेट तथा कार्यक्रम समूह मार्फत कार्यान्वयन हुने :** नगरसभाबाट स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सञ्चालन हुने व्यवसायिक कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रम एवम् उत्पादनसँग सम्बन्धित कार्यक्रमहरु यसै कार्यविधि बमोजिम दर्ता भएका समहू मार्फत कार्यान्वयन हुनेछ ।

१२. **सेवा सुविधाबाट बञ्चित गरिने :** (१) ऋण लिई व्यवसायिक योजना अनुसार ऋणको सदुपयोग नगर्ने, तोकिएको समयमा किस्ता वापतको रकम नतिर्ने वा ऋण तिर्न आनाकानी गर्ने समूहका सदस्यहरुलाई नगरपालिका तथा वडाकर्यालयबाट प्रदान गरिने सम्पूर्ण सेवा सुविधाहरुबाट बञ्चित गरिनेछ ।

(२) ऋणिहरुले बैंकबाट लिएको कर्जाको बैंकलाई समय समयमा बुझाउनुपर्ने किस्ता रकम, ब्याज लगायतका रकम नबुझाएको जानकारी ऋण दिने बैंकले नगरपालिकालाई गराएमा कर्जा असूलीमा नगरपालिकाले बैंकलाई आवश्यक सहयोग गर्नेछ ।

(३) ऋण असूलीको लागि संघ तथा प्रदेश सरकार अन्तर्गतका निकायहरुसँगको समन्वय र सहयोग आवश्यक पर्ने भएमा नगरपालिकाले सो समेत गर्नेछ ।

**१३. विविध : (**१) लगातार ३ महिनासम्म मासिक बैठक नबसेमा, समूहले कृषि प्रसार कार्यमा अभिरुची नराखेमा, अन्य विभिन्न कारणहरुले समूह निष्क्रिय भएको गुनासो प्रमाणित भएमा समूह निष्कृय भएको मानिनेछ । यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने कृषि तथा पशु सेवा कार्यक्रमहरुको लागि उक्त समूहसँग साझेदारी गर्न सकिने छैन् ।

(२) पटक पटक समूहको विधान विपरित कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा वा रकम हिनामिना वा दुरुपयोग गरेमा, समूह निष्कृय भएमा, समूहको निर्णय अनुसार समूह विघटन गरिएमा, प्रचलित नियम वितरितका कार्यहरु गरेमा स्थानिय टोल विकास संस्था समेत वडा कार्यालयको सिफारिसमा कार्यालयबाट छानविन गरी समूह विघटन गरिनेछ ।

तर समूहमा सदस्यहरुबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा ब्याज वितरण गरिनेछ ।

(३) आवश्यकता र औचित्यताको आधारमा नगर कार्यपालिकाको निर्णयअनुसार यो कार्यविधि संसोधन गर्न सकिनेछ ।

(४) यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानुन बमोजिम बाझिएमा बाझिएको हदसम्म स्वत: खारेज हुनेछन् ।

## अनुसूची - १

(समूह गठनका लागि कार्यालयमा दिइने निवेदनको ढाँचा )

मिति : २०७......./ ...... / ........

श्रीमान् कार्यालय प्रमुखज्यू,
मुसिकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
रुकुम (पश्चिम) ।

विषय :- सहकार्य समूह दर्ता गरी पाउँ ।

समूह गठन गरी सामुहिक प्रक्रियाद्धारा कृषि / पशु विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम हामी संगठित भई समूह गठन गरेका छौँ । समूह गठन र परिचालन बारेमा मुसिकोट नगरपालिकाको नियमावली/ मार्गदर्शन / कार्यविधि र प्रचलित कानून अनुसार कार्य गर्ने छौँ ।

संलग्न कागजातहरु :

१. समूहको पहिलो बैठकको निर्णयको प्रतिलिपी पाना :-

२. समूहको विधान पाना :-

३. अनुसूची -५ अनुसारको समूह सदस्यहरुको विवरण पाना :-

४. नागरिकताको प्रतिलिपी थान :-

४. अन्य केही भए सो को विवरण :–

१) सम्वन्धित वडा कार्यालयको सिफारिस :–

समूहको निवेदन अनुसार निम्न समूहलाई मुसिकोट नगरपालिका आर्थिक विकास शाखामा दर्ता गर्न सिफारिस गरिन्छ ।

सिफारिस गर्नेको नाम :–

पद :–

दस्तखत :–

मिति :–

वडा कार्यालयको छाप :–

निवेदक :–

समूहको नाम :–

ठेगाना :–

समूह अध्यक्षको नाम :

सम्पर्क फोन नं :

समूहको छाप :

अनुसूची -२

(कृषक सहकार्य समूह दर्ता प्रमाणपत्रको ढाँचा)

# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# रुकुम (पश्चिम)

| समूहको छाप |
|---|

आ.व :२०७७/०७८

दर्ता नं. :

## कृषक सहकार्य समूह दर्ता प्रमाण-पत्र

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि जन्य / पशुजन्य उत्पादन कार्यलाई टेवा पुर्याउने उद्देश्यले मुसिकोट नगरपालिका वडा नं ............... मा मिति ...................... मा गठन भएको श्री ......................................... कृषक सहकार्य समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी समूह दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।

.................... ..

तयार गर्ने

मिति

दस्तखत :

दर्ता गर्ने अधिकारीको नाम :

पद :

# कृषक सहकार्य समूह नवीकरणको विवरण

| नविकरण | | | नविकरण शुल्क | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | मान्य रहने अवधी | | दस्तुर रु | जरिवाना रु. | जम्मा रु. | रसिद नं | फाँटवाला | प्रमाणित गर्ने |
| | देखि | सम्म | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोट :

१. यो प्रमाण पत्र समूहको कार्यालयमा सबैले देखिने गरी राख्नुपर्ने हुन्छ ।

२. प्रत्येक २ वर्षपछि आश्विन महिनाभित्र नविकरण गरिसक्नुपर्नेछ ।

३. तोकिएको समयभित्र नविकरण नगरेमा रु. ५००/- जरिवाना काटि नविकरण गर्न सकिनेछ ।

४. यो प्रमाणपत्र हराएमा समूहको निर्णयको आधारमा प्रतिलिपी उपलब्ध गराउन सकिनेछ ।

५. अन्य कुराको हकमा समूहको विधान र प्रचलित ऐनको आधारमा हुनेछ ।

## अनुसूची -३

(समूह गठनका लागि सदस्यहरुको बैयक्तिक विवरण )

# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# रुकुम (पश्चिम)

कृषक समूहको नाम :

समूह गठन मिति :

कृषक समूह स्थित ठेगाना : मुसिकोट नगरपालिका वडा नं. : ..........

टोल : ................. समूहमा सदस्य संख्या जम्मा :

महिला : पुरुष :

गठित समूहको किसिम : बहुउद्देश्यी/एकल उद्देश्यीय

मासिक बचत प्रति सदस्य प्रति महिना रु :

समूह सदस्यहरुको विवरण :

| क्र.सं. | कृषकको नाम, थर | पद | मोवाइल नं. | ठेगाना | टोल | महिला/ पुरुष | पशुपन्छी संख्या/ क्षेत्रफल | उत्पादन के.जी./ क्वीन्टल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोट : समूहका सबै सदस्यहरुबाट प्रमाणित गरी पेश गर्नुपर्ने ।

## अनुसूची -४

# कृषि क्षेत्रको व्यवसायिकता मार्फत आत्मनिर्भर पालिका निमार्णका लागि .......... बैंक र मुसिकोट नगरपालिका, रुकुम (पश्चिम) बीच कर्जा सहजीकरण कार्यक्रम संचालन गर्ने सम्बन्धी गरिएको समझदारी पत्र

## (Memorandum Of Understanding)

नेपालको कूल ग्राहस्थ उत्पादनमा २७ प्रतिशत योगदान रहेको कृषि क्षेत्रमा करिब ६५ प्रतिशत जनता आश्रीत छन् । कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन उत्पादन र उत्पादकत्व वृद्धि गराउनुका साथै आयात प्रतिस्थापन, निर्यात वृद्धि, मूल्य श्रृङ्खला विकास, कृषिको व्यवसायीकरण, यान्त्रिकीकरण र आधूनिकीकरणको कार्य गर्न आवश्यक छ । यस क्षेत्रको समग्र विकासले मात्र कृषकहरुको बहुआयामिक विकास हुनको साथै राष्ट्रिय अर्थतन्त्रमा समेत उल्लेखनीय टेवा पुग्दछ । नेपालको अर्थतन्त्रको मेरुदण्ड ग्रामीण कृषि क्षेत्रलाई मानिन्छ । ग्रामीण अर्थतन्त्रको विकास विना नेपालको गरीबी, पछौटेपन तथा बेरोजगारको अन्त्य तथा सम्रग विकासको कल्पना गर्न सकिदैन ।

यसै परिप्रेक्ष्यमा कोभिड -१९ को महामारीबाट उत्पन्न बेरोजगारी समस्या समाधान गर्न अलगथलग रुपमा रहेका जनतालाई सामूहिक जनपरिचालन गर्ने नीति अर्न्तगत मुख्य गरी उत्पादन कार्यमा लाग्न रुकुम जिल्लाका सबै पालिकाहरुमा **“कृषक सहकार्य समूह”** मार्फत जनतालाई यस क्षेत्रमा संभावना भएका कृषि तथा वनजन्य व्यवसाय, प्रांगारिक तथा उच्च मूल्यका कृषि उत्पादन, सोको व्यवसायिकरण, उत्पादकत्वमा बृद्धि प्रशोधन, बजारीकरण, मूल्य श्रृखला अभ्यास, खाद्य

तथा पोषण सुरक्षा तथा गरिवी न्यूनिकरण गरी पूर्ण रोजगारी र समृद्धिको दिशातर्फ अघि बढ्ने एक अभियानका रुपमा रुकुम (पश्चिम) का सबै स्थानीय तह तयार भएका छन् । मुसिकोट नगरपालिका, स्थानीय तह (जसलाई यसपछि प्रथम पक्ष भनिने छ) र **.................................** बैंक (जसलाई यसपछि दोस्रोपक्ष भनिने छ) का बीच उद्यमशील, स्वरोजगार र आत्मनिर्भर बनाउन सहुलियतपूर्ण कर्जा सम्वन्धी सहकार्य गर्नका लागि यो सहमति तयार गरिएको हो ।

(१) **द्विपक्षीय समझदारीको उद्देश्य**

क) नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (संशोधन समेत) अन्तर्गत व्यवसायिक कृषि तथा पशुपन्छि कर्जा कार्यान्वयनमा सहयोग पुऱ्याउने,

ख) सहुलियतपूर्ण कर्जा प्राप्त गर्नका क्षमता विकास गरी सक्षम बनाउने,

ग) लक्षित कार्यक्रमको कार्यान्वयनले गरिबी निवारणमा महत्वपूर्ण योगदान गर्ने,

घ) उद्यमशीलताका माध्यमबाट व्यक्तिलाई उत्पादनसँग जोड्ने र रोजगारी सिर्जना गर्ने,

ङ) उद्यमशीलता र स्वरोजगारको लागि नेपालमै संभावना छ भन्ने सकरात्मक सोचको प्रवर्द्धन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोग पुऱ्याउने,

च) लक्षित कार्यक्रमहरुको कार्यान्वयनमा साझा उद्देश्य प्राप्तिका लागि सरकारी निकाय तथा वित्तिय संस्थाहरुबीचको समन्वय र सहकार्यको वातावरण तयार गर्ने,

छ) वैदेशिक रोजगारबाट सीप, अनुभव र थोरथोर पूँजी समेत संकलन गरी स्वदेश फर्किएका युवा पुनः विदेशिनु पर्ने बाध्यताबाट रोकी उद्यमशीलतासँग जोडेर विदेशबाट आर्जीत सीप, अनुभव र पूँजीको स्वदेशमै नै सदुपयोग गर्दै स्वरोजगार बन्न सहयोग पुऱ्याउने,

ज) वित्तिय पहुँच एवम् वित्तीय समावेशीतामा अभिवृद्धि गर्ने,

झ) यस कार्यक्रमलाई नमूना कार्यक्रमको रुपमा कार्यान्वयन गर्ने,

## (२) अपेक्षित उपलब्धि

क) नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (संशोधन समेत) बमोजिम लक्षित वर्गमा कर्जा प्रवाह भई उक्त कार्यविधिको प्रभावकारी कार्यान्वयन भएको हुने,

ख) सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (संशोधन समेत) बमोजिम उद्यमशीलता र वित्तीय साक्षरता तालिम लिएका कृषक सहकार्य समूह, उद्यमी, फर्म, कम्पनी तथा सहकारीहरुले सहजरुपमा उद्यमका लागि कर्जा प्राप्त गरेको हुने,

ग) तालिम प्राप्त र लगानीको सुनिश्चितता भएका समूह पनि उत्प्रेरित हुने र उद्यमशीलताका माध्यमबाट रोजगार तथा स्वरोजगारीको अवसर उपलब्ध हुने,

घ) कृषक कृषक सहकार्य समूह, उद्यमी, फर्म, कम्पनी तथा सहकारीहरुका लागि स्थानीय तह र वित्तीय संस्थाबीचको समन्वय र सहकार्य मजबुद भएको हुने,

ङ) कृषक सहकार्य समूह, उद्यमी, फर्म, कम्पनी तथा सहकारीहरु माध्यमबाट आत्मनिर्भर र सबल अर्थतन्त्रको विकासमा सकारात्मक टेवा पुगेको हुने,

## (३) प्रथम पक्षको भूमिका

(क) सहुलियपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (संशोधन समेत) कार्यान्वयनका लागि उद्यम तथा व्यवसाय गर्न संभाव्य र इच्छुक समूहलाई परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने र तालिम प्राप्त कृषकहरुको ५-५ जनाको समूह बनाई सहकार्य समूह, उद्यमी, फर्म, कम्पनी, तथा सहकारीहरुलाई कर्जाका लागि सिफारिस गर्ने,

(ख) कृषक समूहहरुको उत्पादन वृद्धिका लागि आवश्यक पर्ने पूर्वाधारहरु जस्तैः बाटो, सिंचाई, मल, बीउ, ढुवानी, बजार व्यवस्थापन, भण्डारण गृह निर्माण, प्राविधिक ज्ञान आदिको समुचित व्यवस्था पालिकाले गर्नेछ ।

(ग) कार्यविधि बमोजिम दोस्रो पक्षबाट प्रवाह भएको कर्जाको सदुपयोग, ऋण असुली सम्बन्धमा स्थलगत अनुगमन गरी सम्बन्धित उद्यमीहरुलाई परामर्श सुधारका लागि सुझाव एवं पृष्ठपोषण दिने तथा स्थलगत अनुगमन प्रतिवेदन आवश्यकता अनुसार दोस्रो पक्षलाई समेत उपलब्ध गराउने छ ।

(घ) दोस्रो पक्षबाट ऋण लिई उद्यम व्यवसाय गरिरहेका उद्यमीहरुलाई प्राप्त कर्जा तथा अन्य साधनस्रोतको सदुपयोग तथा दक्षता अभिवृद्धिसँग सम्बन्धित विषयमा उद्यमीहरुको मागका आधारमा तालिमका लागि आवश्यक समन्वय र व्यवस्थापन गर्ने, पालिकाले जिल्लास्थित सरोकारवालाहरु तथा कृषकहरुको उपस्थितिमा आयोजना गर्ने अनुभव आदान प्रदान, अन्तरक्रिया, जनचेतना तथा प्रसार प्रसारजस्ता कार्यक्रममा संभव भएसम्म बैंकलाई सहभागी गराउने छ ।

(ङ) दोस्रो पक्ष अन्तर्गतको संस्थाहरु र अन्य सरोकारवाला निकायहरुका बीचमा नियमित समन्वय तथा समीक्षा बैठकको आयोजना गर्ने ।

(च) पालिकाले सिफारिस गरेका विना धितो लगानी गरिएका कर्जाको असुलीमा समस्या भएमा कर्जा असुली गर्न पालिकाले बैंकलाई आवश्यक सहयोग गर्नेछ । कर्जा असुलीमा समस्या भएमा बैंकले यस्तो कार्यक्रम विस्तार गर्न बाध्य हुने छैन् । असुलीका लागि सहयोग गर्नेछ ।

(छ) बैंक मार्फत कर्जा लिएका समूहको व्यवसाय प्राकृतिक प्रकोप, विपद् लगायत अन्य घटनाहरुका कारण क्षति भई ऋणीले ऋण तिर्न नसक्ने अवस्थामा ऋण तिर्न सहयोग गर्ने उद्देश्यका लागि पालिकाले एक जोखिम न्यूनीकरण कोषको स्थापना गर्नेछ ।

(ज) जोखिम न्यूनीकरण कोषको बनावट, श्रोतहरुको संकलन एवम् संचालन सम्बन्धी कार्यविधि प्रथम पक्षले बनाउनेछ ।

**(४) दोस्रो पक्षको भूमिका**

(क) सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (संशोधन समेत) बमोजिम पहिलो पक्षले सिफारिस गरेका उद्यम गर्न इच्छुक समूहलाई प्राथमिकताका साथ कर्जा प्रवाह गर्ने । साथै कर्जा प्रवाह गर्दा पहिलो पक्षबाट सहुलियपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता सम्बन्धी तालिम लिएका कृषक सहकार्य समूह उद्यमी, फर्म, कम्पनी तथा सहकारीहरुलाई पहिलो प्राथमिकता दिने ।

(ख) सहुलियतपूर्ण कर्जा प्रवाह बैंकले आफ्ना शाखा कार्यालय मार्फत गर्ने,

(ग) प्रत्येक समूहलाई १० लाखका दरले कर्जा प्रवाह गर्ने ।

(घ) कार्यविधि बमोजिम कर्जा प्राप्त गर्नका लागि तयार गर्नुपर्ने व्यवसायिक योजना निर्माणका लागि आवश्यकतानुसार सरल ढाँचा उपलब्ध गराई सहयोग तथा सहजीकरण गर्ने,

(ङ) दोस्रो पक्षबाट प्रवाह हुने कर्जाको सीमा नेपाल सरकारको सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ (संशोधन सहित) समेतको अधिनमा रही हुने,

(च) पेश भएको परियोजना प्रस्तावको प्रकृतिको आधारमा कर्जा विश्लेषण गरी प्राथमिकताका आधारमा कार्यविधिमा उल्लेखित समय सिमाभित्र कार्यसम्पादन गर्ने गरी आवश्यक व्यवस्था मिलाउने,

(छ) कार्यविधि बमोजिम प्रवाह भएको कर्जाको सदुपयोग ऋण असुली सम्बन्धमा स्थलगत अनुगमन गरी सम्बन्धित उद्यमी समूहहरुलाई परामर्श र सुधारका लागि सुझाव तथा पृष्ठपोषण दिने तथा

स्थलगत अनुगमन प्रतिवेदन आवश्यकता अनुसार प्रथम पक्षलाई समेत उपलब्ध गराउने ।

(ज) प्रथम पक्षले सिफारिस गरेका सहुलियतपूर्ण कर्जाहरु दोस्रो पक्षबाट भएको लगानीको विवरण त्रैमासिक रुपमा प्रथम पक्षलाई उपलब्ध गराउने ।

(झ) पालिकाले आवश्यकता र प्राथमिकताका आधारमा कृषक उद्यमी, फर्म, कम्पनी, कृषक समूह तथा सहकारीहरुलाई वित्तिय साक्षरता तथा अन्य तालिम कार्यक्रमहरु संचालन गर्ने बैंकलाई सिफारिस गर्न सक्नेछ । बैंकको शाखाले आवश्यकता र स्रोत साधन तथा बजेटको सीमाभित्र रहि पालिकाको माग र आवश्यकताका आधारमा वित्तिय साक्षरता तथा अन्य उद्यमशिलता तालिम कार्यक्रमहरु संचालन गर्न सक्नेछ । साथै बैंकको संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत कार्यक्रम क्षेत्रमा वित्तीय साक्षरता एवं अन्य सामाजिक उत्तरदायित्व सम्बन्धी कार्य गर्नेछ ।

(ञ) लगानी गरिएका कृषक समूहले सम्पूर्ण बैंकिङ्ग कारोवार बैंक मार्फत नै गर्नुपर्नेछ । एस.एम.एस. बैंकिङ्ग डिजिटल बैंकिङ्ग तथा बैंकले ल्याउने सुविधामा लिईने छुटमा बैंकले प्राथमिकता दिनेछ ।

(ट) कार्यक्रमलाई अभियानको रुपमा कार्यान्वयन गर्न कर्मचारीको विशेष व्यवस्थापन दोस्रो पक्षले गर्नेछ ।

## (५) विविध

(क) बैंकले ऋणीहरुलाई प्रवाह गरेको कर्जाको व्याजदर तथा अन्य शुल्क सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ (संशोधन समेत) को अधिनमा रही बैंकद्वारा

ऋणीको नाममा जारी हुने कर्जा स्वीकृतिपत्रमा उल्लेख भए बमोजिमको हुनेछ ।

.(ख) कर्जा प्रवाहलाई सरल एवम् प्रभावकारी कार्यान्वयन गर्नका लागि पालिका एवम् बैंकका कर्मचारी परियोजना स्थलमै गई कर्जा विश्लेषण, कागजात तयार गर्ने कार्य गर्नेछन् ।

(ग) यसरी प्रवाह गरिने कर्जा ऋृणीको परियोजनाको धितोमा प्रवाह हुनेछ र कर्जा चुक्ता नभएसम्म ऋृणीले परियोजनाको अनिवार्य विमा गराएको हुनुपर्नेछ ।

(घ) ऋृणीहरुलाई प्रथम पक्षले कुनै अनुदान, ऋृण तथा अन्य सुविधाको रकम भुक्तानी गर्दा यस बैंकमा रहेको ऋृणीको खाता मार्फत मात्र गर्नु पर्नेछ ।

(ङ) यस सम्झौता बमोजिम कर्जा लिने ऋृणीहरुले अन्य कुनैपनि बैंक तथा वित्तीय संस्थाबाट ऋृण कर्जा लिनुपर्ने भएमा दोस्रो पक्षको सहमति लिनु पर्नेछ ।

(च) सम्झौताको कार्यान्वयनका क्रममा कुनै अस्पष्टता वा विवाद आएमा दुबै पक्षको आपसी समझादारीको माध्यमबाट समाधान गरिनेछ । साथै दुबै पक्षको आपसी समन्वय र समझदारीमा सम्झौताको शर्तमा परिमार्जन वा परिवर्तन गर्न सकिनेछ ।

(छ) बैंकबाट प्रवाह भएको कर्जाका सम्बन्धमा ऋृणीहरुको परियोजनाको आवश्यकता अनुसार स्थलगत अवलोकन गरी पुनरावलोकन गर्न सकिनेछ ।

(ज) पहिलो पक्षबाट सिफारिस भई आएका कृषक सहकार्य समूह, उद्यमी, फर्म, कम्पनी, तथा सहकारीहरुलाई कर्जा प्रवाह गर्ने वा नगर्ने भन्ने निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(झ) ऋणीहरुले बैंकबाट लिएको कर्जाको बैंकलाई समय समयमा बुझाउनु पर्ने किस्ता रकम, ब्याज कर्जा असुलीमा आवश्यक सहयोग गर्नेछ । तर यस व्यवस्थाले बैंकको नियमानुसार कर्जा असुलीको कारवाहीमा असर पर्ने छैन् ।

(ञ) कृषक सहकार्य समूह, सद्यमी, फर्म, कम्पनी, तथा सहकारीहरुलाई परामर्श वा मार्गदर्शन गर्न तथा उद्यमशीलता विकास र वित्तीय साक्षरता सम्बन्धी आधारभूत तालिम सञ्चालनका लागि सहकार्य गर्न सकिनेछ ।

ट) जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा नगरपालिका प्रमुख सहितको अनुगमन समिति गठन गर्नुपर्नेछ । उक्त अनुगमन समितिमा निम्नानुसार प्रतिनिधि रहने छन् ।

१. जिल्ला समन्वय समितिको प्रमुख
संयोजक

२. पालिका प्रमुख — सदस्य

३. जनप्रतिनिधि — सदस्य

४.बैंकको प्रतिनिधि — सदस्य

५. विज्ञ — सदस्य

६. पालिकाका स्थायी कर्मचारी — सदस्य सचिव

ठ) यो समझदारीको अवधि हस्ताक्षर भएको मितिबाट एक वर्षसम्म रहनेछ र यसलाई आपसि सहमतिमा पुनः नवीकरण गर्न सकिनेछ।

ड) यो समझदारी पत्रमा उल्लेख भएका विषयहरुको कार्यान्वयन गर्दा लाग्ने सबै प्रकारका व्ययभारहरु अन्य व्यवस्था नभएको हकमा प्रथम पक्षले गर्नुपर्ने खर्च प्रथम पक्षको र द्धितिय पक्षले गर्नुपर्ने द्धितिय पक्षको नै जिम्मेवारी रहनेछ र यस बाहेक अन्य विषयहरु उठान भएमा दुबै पक्षको सहमतीमा कार्यान्वयन गरिनेछ।

ढ) यस समझदारीको व्याख्या एवम् कार्यान्वयन र यस समझदारीमा नपरेका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

ण) यस समझदारीको कार्यान्वयनमा आवश्यक समन्वय गर्नका लागि सर्म्पक व्यक्ति तोकी जिम्मेवारी दिने र सोको जानकारी प्रथम पक्षलाई उपलब्ध गराउने।

## समझदारी पत्रमा हस्ताक्षर

| **प्रथम पक्ष (मुसिकोट नगरपालिका रुकुम (पश्चिम)) को तर्फबाट हस्ताक्षर गर्ने** | **दोस्रो पक्ष (..............बैंक) को तर्फबाट हस्ताक्षर गर्ने** |
|---|---|
| हस्ताक्षर<br>नाम थर :<br>पद : | हस्ताक्षर<br>नाम थर :<br>पद : |
| साक्षी | साक्षी |
| प्रथम पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| हस्ताक्षर<br>नाम थर : | हस्ताक्षर<br>नाम थर : |

| | |
|---|---|
| पद : | पद : |
| रोहवर | रोहवर |
| प्रथम पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| हस्ताक्षर<br>नाम थर :<br>पद : | हस्ताक्षर<br>नाम थर :<br>पद : |
| कार्यालयको छाप | |

<u>अनुसूची : ५</u>

# ..................कृषक सहकार्य समुह, .............

# को विधान २०.......

# (नमूना)

**प्रस्तावना**

गाउँ बस्ति स्तरमा रहेका समुदायका सदस्यहरुको संस्थागत विकासको माध्यमवाट क्षमता अधिवृद्धि गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गराउनुको साथै प्रशोधन, बजारीकरण, मुल्य श्रृखला, खाद्य तथा पोषण सुरक्षामा सुधार गरी आर्थिक एवं सामाजिक विकासको मूल प्रवाहमा सरिक भई राष्ट्र निर्माणको बाटोमा अग्रसर गराउन एक कृषक सहकार्य समुहको आवश्यकता महशुस भएकोले यो विधान तर्जुमा गरी समुहको स्थापना, संचालन र कार्यान्वयनमा ल्याईएको छ ।

## कृषक सहकार्य समूह दर्ता तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७

## परिच्छेद–१

## प्रारम्भिक

**१.समुहको नाम :-** यस समुहको नाम ..................... कृषक सहकार्य समुह राखिएको छ ।

**२.समुहको ठेगाना :-** समुहको कार्यालय हाल मुसिकोट नगपालिका, वडा नं- .......को .......... टोल/बस्तिमा रहने छ ।

**३. प्रारम्भ :-** यो विधान मिति............... देखि लागु हुने छ ।

**४.समुहको कार्य क्षेत्र :-** मुसिकोट नगरपालिका वडा नं-.......को ................ टोल र बस्तिमा रहने छ ।

**५.परिभाषा :- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा :-**

(क) "समुह" भन्नाले ........कृषक सहकार्य समुह लाई जनाउने छ ।

(ख) "सदस्य" भन्नाले मुसिकोट नगरपालिका वडा नं- ............को ................ टोल र बस्तिमा बस्ने कृषक सहकार्य समुहको सदस्यता लिएका घरधुरीलाई जनाउने छ । यसरी कृषक सहकार्य समुहको सदस्यता लिएका घरधुरीबाट घरमुलीले घरको प्रतिनिधित्व गर्ने छ । घरमुली घरमा नभएको अवस्थामा घरको कुनै पनि सदस्यलाई जिम्मेवार आमन्त्रीत प्रतिनिधि बनाई बैठकमा भाग लिन पठाउन सक्ने छ ।

(ग) "पदाधिकारी" भन्नाले समुहको अध्यक्ष, सचिव र कोषाध्यक्ष लाई जनाउनेछ ।

(घ) "नियमावली" भन्नाले यस विधानको प्रस्तावनाको भावना अनुरुप विधानको अधिनमा रही समुहको उद्देश्य वमोजिमको कार्य सञ्चालन गर्न समय समयमा समुहको वैठक बाट पारित भै जारी गरिएका नियमहरुलाई जनाउँनेछ ।

(ङ) "सम्वन्धित निकाय वा दर्ता कार्यालय" भन्नाले मुसिकोट नगरपालिकको कार्यालयलाई जनाउँनेछ ।

(च) "आर्थिक बर्ष भन्नाले" प्रत्येक बर्ष श्रावण १ गते बाट शुरु भई अषाढ मसान्त सम्ममा समाप्त हुने १ बर्षको अवधिलाई जनाउँदछ ।

(छ) "समुहको वैठक" भन्नाले **कृषक सहकार्य समुह**को सदस्य रहेको घरधुरीको घरमुली वा निजको अनुपस्थितिमा घरको प्रतिनिधित्व गरि आएका सम्पूर्ण घर सदस्यको कम्तीमा ८० प्रतिशत घरको प्रतिनिधिहरुको उपस्थितिमा बस्ने समुहको वैठकलाई जनाउने छ ।

(ज) "उप-समिति" भन्नाले समुहद्धारा कुनै निश्चित कार्यको लागि वा निश्चित अवधी तोकि गठन गरिएको उप-समितिहरुलाई सम्झाउने छ ।

(झ) "कार्य समुह वा उपभोक्ता समुह" भन्नाले कुनै निश्चित कार्य गर्नको लागी एक निश्चित अवधि तोकी गठन गरिएको समुह लाई जनाउने छ ।

(ञ) "समुदाय वा स्थानिय समुदाय" भन्नाले नगर, गाउँ, टोल वा बस्ति स्तरमा कुनै एक निश्चित भौगोलिक सिमाना भित्र वसोवास गर्ने स्थानिय वासीहरुलाई जनाउने छ ।

(ट) “तोकिए बमोजिम” भन्नाले यस विधान अर्न्तगत बन्ने नियम विनियममा तोकिए बमाजिम हुनेछ ।

**६. आबद्धता :**

यस समुहलाई आवश्यकता अनुसार विभिन्न निकायमा आवद्ध गर्न सकिनेछ ।

**७. प्रचलित कानुन बमोजिम हुने** :-

यो विधानमा भएको व्यवस्था र प्रचलित नेपाल कानुनको अधिनस्थ हुनेछ । यस समुहले मुसिकोट नगरपालिकाको **कृषक सहकार्य समुह** सम्वन्धी नीति निर्देशनको परिधिभित्र रहि कार्य सम्पादन गर्नेछ ।

**८.समुहको छाप र चिन्ह** :-

प्रचलित नेपाल कानुनले गरेको व्यवस्थाको प्रतिकुल नहुने गरी समुहको एउटा छुटै छाप र चिन्हको व्यवस्था गरिएको छ । जसको नमुना समुहको वैठकले निर्धारण गरे वमोजिम हुने छ ।

## परिच्छेद २

## उद्देश्य

**९. समुहको उद्देश्य :**

(क) समुहका सदस्यहरुको पहुँचलाई आवश्यक आधारभुत सेवा, सुविधा सम्म पुऱ्याई, उनीहरुको आर्थिक तथा सामाजिक स्तर

माथि उठाउने र उनीहरुको आत्माविश्वास एवं क्षमतामा अभिबृद्धि गराई सामाजिक समावेशीकरणमा ल्याउने ।

(ख) सदस्यहरुको आर्थिक सामाजिक स्तर माथि उठाउन, आवश्यक क्षमता अभिबृद्धि, शिप विकास गर्ने कार्यका साथै आर्थिक, सामाजिक र भौतिक पूवार्धार विकासका कृयाकलाप तथा कार्यक्रमहरु संचालन गर्ने ।

(ग) स्थानिय तह, जिल्ला स्थित सरकारी निकायहरु, दातृ समुह, दातृ समुहहरुको सहयोगमा संचालित विभिन्न विकास योजना परियोजना संग सम्बन्धित संघ समुहहरु, सहयोगी समुहहरु, निजी स्तरका समुह लगायत समान उद्धेश्यका सामुदायिक समुहहरु संग समन्वय गरी समुहको समुहगत विकास तथा समुहका सदस्यहरुको जिवन स्तरमा सुधार ल्याउन आवश्यक योजना, परियोजना तथा कार्यकमहरु संचालन गर्ने ।

(घ) आयबृद्धि, सिपबिकास, नयां एवं नविनतम सोच तथा प्रविधि, रोजगारी श्रृजना, कृषि उत्पादन र उत्पादकत्व बृद्धि सम्बन्धि कार्यक्रम संचालन गर्ने ।

(ङ) आधारभूत स्वास्थ्य, साक्षारता, प्राविधिक शिक्षा, युवा स्वरोजगार तालिम, खानेपानी योजना, सरसफाई तथा वातावरणीय सुधार सम्बन्धि योजना, परियोजना तथा कार्यक्रमहरु संचालन गर्ने ।

(च) स-साना किसिमका सामुदायिक सामाजिक तथा आर्थिक पूवार्धार निर्माण, संचालन तथा मर्मत व्यवस्थापन सम्बन्धि कार्यक्रम संचालन गर्ने ।

(छ) सदस्यहरुलाई आयमुलक व्यसाय तथा स्वःरोजगारीको लागी आवश्यक पुँजीको व्यवस्थामा सहयोग गराउने ।

(ज) स्थानिय तथा समुदाय स्तरको योजना तर्जुमा र कार्यान्वयनमा प्रत्येक सदस्यलाई प्रत्यक्ष तथा सक्रिय सहभागी गराउने ।

(झ) पशु विमा एवं पशु विकाश सम्वन्धी कार्य गर्ने ।

(ञ) स्वदेशी, विदेशी, सरकारी, गैर-सरकारी तथा विभिन्न वित्तिय एवं गैर वित्तिय संघ समुहहरुसंग सम्पर्क र सम्बन्ध विस्तार गरि ऋण तथा अनुदान प्राप्त गर्ने ।

(ट) सदस्यहरु माझ वचत संकलन र परिचालन तथा घुम्ती कोषको व्यवस्थापन गरि गरिवी निवारण तथा सामुदायिक विकास कार्यक्रम संचालन गर्ने ।

(ठ) समुदायको चाहना र आवश्यकता वमोजिमका विविध कल्याणकारी कार्यक्रमहरु उनीहरुकै सक्रिय सहभागितामा संचालन गर्ने ।

## १०.समुहको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :-

यस समुहको उपर्युक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्ने छ ।

(क) समुहले उपरोक्त उद्देश्य प्राप्तीका लागि आवश्यक कार्यक्रम, परियोजना तथा कृयाकलापहरु कार्यान्वयन गर्नेछ ।

(ख) समुहमा प्राप्त रकम बैंकमा जम्मा गरि बैंक खाता संचालन गर्नेछ । यसरी बैकं खाता संचालन गर्दा आवश्यक रकम झिक्न परे समुहको निर्णय गराई निर्णय बमोजिम गरि पारदर्शी तवरले हिसाव किताव राख्ने ।

(ग) सदस्यबाट नियमित वचत निक्षेप संकलन गरि परिचालन गर्ने ।

(घ) सदस्यलाई नियमित रुपमा आयमुलक व्यवसाय संचालन गर्न पुँजीको व्यवस्था, प्रवर्धन तथा आवश्यक शिप विकास, प्रविधि हस्तान्तरण तथा बजारीकरणकोलागि कार्य गर्ने ।

(च) सदस्यहरुको माग, आवश्यकता, स्थानिय स्तरको अवसर र संभावनाको आधारमा लाभान्बित सदस्यहरुको सक्रिय सहभागितामा परियोजना बनाई आवश्यक आर्थिक तथा प्राबिधिक सहयोगकालागी विभिन्न सरकारी तथा दातृ निकाय समक्ष पेश गर्ने ।

(छ) नियमित रुपमा समुहको वैठक संचालन गर्ने ।

(ज) कार्यक्रमको कार्य योजना वनाई कार्यावयन गर्ने ।

## ११. सिद्धान्त :-

(क) कुनैपनी जातजाती, वर्ग ,पेशा र लिङ्गको आधारमा भेदभाव नगरी सवैलाई समानताको व्यवहार गरिने ।

(ख) १६ वर्ष भन्दा माथीको व्यक्तिले मात्र समुहको सदस्य घरधुरीको घरमुली वा घरमुलीको प्रतिनिधित्व गर्न पाउने छ ।

(ग) विना सूचना ३ पटक भन्दा बढि समितिको बैठकमा लगातार उपस्थित नहुने सदस्यलाई समुहको निर्णय वमोजिम कारवाही गर्न सकिने छ ।

(घ) समुहलाई आवश्यक पर्ने सवै खाले नियमावलि आवश्यकता अनुसार छुट्टा छुटै बनाइनेछ ।

(ङ) समुहको सवै कार्य स्पष्ट, पारदर्शी र भेदभाव रहित हुनेछ ।

(च) सामुदायिक समुहको गठन, सदस्य तथा पदाधिकारी छनौट गर्दा उपलब्ध भए सम्म दलित, जनजाती ,महिला तथा अति विपन्न वर्ग लाई प्राथमिकताका साथ सहभागी गराईने छ ।

(छ) दातृ निकायको सहयोगमा संचालित कार्यक्रमहरु संझौतामा उल्लेख भएबमोजिम संचालन गरिने छ ।

## परिच्छेद ३

## सदस्यता

### १२. सदस्यताको योग्यता :-

यस समुहको निर्धारित उद्देश्य प्राप्तीको लागी यस विधानको अधिनमा रहि कार्य गर्न चाहने समुहको निधारित भौगोलिक क्षेत्र वा बस्ति भित्रका घर सदस्य रहने गरि १६ वर्ष भन्दा माथीको व्यक्तिले मात्र समुहको सदस्य घरधुरीको घरमुली वा घरमुलीको प्रतिनिधित्व गरी विधान वमोजिम समुहको सदस्य बन्न सक्ने छ । यस समुहको सदस्यताको निम्ति निम्न योग्यता हुनु पर्ने छ :-

(क) नेपाली नागरिक भै १६ बर्ष उमेर पुरा गरेको,

(ख) नैतिक आचरण र मानसिक सन्तुलन ठिक भएको,

(ग) फौजदारी अभियोगमा सजाय नपाएको ,

(घ) कुनै पनी किसिमको गुटबन्दिमा नलागेको र समुहको गोपनियता बहन गर्न सक्ने,

(ङ) कुनै पनि किसीमको आर्थिक अनियमितता तथा सामाजिक रुपमा वहिष्कृत नभएको र समुहको वैठकले सदस्यता दिन योग्य ठहर गरेको व्यक्ति ।

(च) समुहको कार्यक्षेत्र भित्र रहेको घरको सदस्य ।

**१३.<u>समुहको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था</u>** :-

देहायका कुनै व्यक्ति समुहको सदस्य पदमा नियुक्ति हुन सक्ने छैन ।

(क) गैर नेपाली नागरीक र १६ वर्ष उमेर पुरा नगरेको,

(ख) मगज विग्रेको वा वौलाएको,

(ग) समुहको भौगोलिक कार्यक्षेत्र भन्दा अन्यत्र बस्ने,

(घ) एक बर्ष भित्र, कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाम्फी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको,

(ङ) समुहको व्यवसायमा निजी स्वार्थ बाट अभिप्ररित भई हानीनोक्सानी पुऱ्याई दोषी ठहरीएको ।

## १४. देहायको अवस्थामा कुनै व्यक्ति समुहको सदस्यमा वहाल रहने छैन :-

(क) दफा १३ बमोजिम सदस्य पदमा नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था भएमा,

(ख) वैठकको ८० प्रतिशत बहुमतले समुहको सदस्य पदबाट हटाउने प्रस्ताब पास गरेमा,

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(घ) समुहको काम कारवाहीमा वेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणीत भएमा,

(ङ) यस विधान बमोजिम समुहले गर्न नहुने भनी तोकीएको कुनै कार्य गरेमा, कुनै व्यक्तिलाई समुहको सदस्यमा नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहऱ्याउन भन्दा अघि समुहले निजलाई सो कुराको पुर्व सूचना दिई सफाईको सबुद पेश गर्ने मौका दिनुपर्नेछ ।

(च) वँसाई सराइ गरेर गएमा वा सामाजिक मुल्य मान्यता विपरीत कार्य गरी सामाजिक रुपमा बहिष्कृत भएमा ।

(छ) प्रचलित कानुन द्धारा निषेधित वा दण्डनिय कुनै अवान्छित कृयाकलापमा संलग्न भएको प्रमाणित भएमा

## १५. सदस्यताको प्रकार :-

समुहका सवै सदस्यहरु साधारण सदस्य को रुपमा रहने छन् ।

## १६. सदस्यता प्रदान गर्ने विधी :-

समुह गठन पश्च्यात नयाँ सदस्य थप गर्दा समुहद्धारा निर्धारित गरिएको ढाँचा (परिशिष्ट क) बमोजिम निवेदन दिनु पर्ने छ । सो निवेदन उपर कारवाही भई समितीको वैठकले सदस्यताको लागी स्विकृती प्रदान गरेपछी सदस्यता प्रदान गरिने छ । यसरी सदस्यता प्रदान गर्दा के कती दस्तुर लिने भन्ने निर्णय समुहको वैठकको निर्णय वमोजिम हुने छ ।

## परिच्छेद -४
## वैठक तथा कार्यकारी समिति

### १७.समुहको बैठक :-

(क) समुहको नियमित बैठक सदस्यहरुको सुविधा र आवश्यकता अनुसार साप्ताहिक/पाक्षिक वा मासिक रुपमा वस्ने छ । तर महिनामा एक पटक अनिवार्य रुपमा समुहको नियमित वैठक वस्नु पर्ने छ । लगातार एक महिना भन्दा वढि समय सम्म वैठक नवसेमा र जम्मा सदस्य संख्याको ५० प्रतिशत सदस्यले माग गरेमा समुहको अध्यक्षले वैठक बोलाउनु पर्ने छ । बैठक बोलाउँदा अध्यक्षको निर्देशन अनुसार सचिवले लिखित सुचना प्रकाशित गरी तोकिएको मिति, समय र स्थानमा बैठक बोलाउनु पर्नेछ ।

(ख) लगातार दुई महिना सम्म अध्यक्षले बैठक नबोलाएमा दुई तिहाई कार्यकारी समितिका सदस्यहरुले लिखित रुपमा बैठकको माग गरेमा सचिवले बैठक बोलाउनु पर्नेछ ।

(ग) जम्मा सदस्य संख्याको कम्तिमा ८० प्रतिशत सदस्यहरु अनिवार्य उपस्थित नभई समुहको वैठक हुने छैन ।

(घ) विना सुचना लगातार ३ पटक वा सो भन्दा बढि समय सम्म बैठकमा अनुपस्थित भएमा कार्य समितिले निजसंग स्पष्टीकरण माग गर्न सक्नेछ। सो स्पष्टीकरण चित्त बुझ्दो नदेखिएमा निजलाई पदमुक्त गर्न सकिने छ। तर बैठक बस्ने स्थान, मिति र समयको जानकारी निजलाई समयमा अवगत गराएको हुनुपर्ने छ।

(ङ)बैठकको अध्यक्षता समुहको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकमा सचिवले अध्यक्षता गर्नेछ।

(च)समुहको बैठकमा सामुहिक निर्णय गरिने छ। सामुहिक निर्णय हुननसकेमा बहुमतको निर्णय मान्य हुनेछ। कुनै विषयमा निर्णय लिदा प्रस्तावको पक्ष र विपक्षमा मत वरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(छ) समुहको बैठकमा छलफल भएको विषय र त्यस सम्बन्धमा भएको निर्णयको विवरण माईन्यूट छुट्टै कितावमा लेखि राख्नुपर्नेछ । सो निर्णय पढी बाची सुनाई विवरणमा बैठकमा उपस्थित सम्पुर्ण सदस्यहरुको सही गरेको हुनु पर्नेछ।

## १८. सामुदायिक समुहको गठन :-

यस समुहको गठन देहाय वमोजिम हुने छ।

(क) समुहमा देहाय वमोजिम पदाधिकारी तथा साधारण सदस्यहरु सदस्य रहने गरी ५ सदस्यीय समुह गठन हुनेछ।

अध्यक्ष - १ जना

सचिव - १ जना

कोषाध्यक्ष - १ जना

सदस्यहरु - समुहको भौगोलिक कार्यक्षेत्र भित्र रहेका घर परिवारका व्यक्ति समुहको सदस्य रहने छन् ।

(ख)समुहका अध्यक्ष, सचिव र कोषाध्यक्षको पदावधि ३ वर्षको हुनेछ । उल्लेखित पदमा पुनः निर्वाचिन हुन सक्ने छ ।

(ग) समुहका सदस्य, सचिव, कोषाध्यक्षले अध्यक्ष समक्ष र अध्यक्षले समुह समक्ष राजिनामा पेश गर्न सक्नेछन् । सदस्य, सचिव, कोषाध्यक्षले पेश गरेको राजिनामा अध्यक्षद्धारा स्विकृत भएमा सम्बन्धित पदबाट मुक्त भएको मानिनेछ । तर अध्यक्षको हकमा समुहको सम्पुर्ण सदस्यको कम्तिमा ८० प्रतिशत सदस्यहरुको अनिवार्य उपस्थित भई समुहको वैठकद्धारा स्विकृत भएमा अध्यक्ष पदबाट मुक्त भएको मानिनेछ ।

## १९.समुहको काम कर्तव्य र अधिकार :-

यस समुहको काम, कर्तव्य र अधिकारको देहाय बमोजिम हुनेछ ।

(क) नयाँ सदस्य तथा पदाधिकारीको चयन गर्ने ।

(ख) सरकारी कार्यालय तथा विभिन्न वित्तिय संघ/समुह दातृ निकाय तथा कार्यालयहरुमा विभिन्न कार्ययोजनाहरु पेश गरी अनुदान तथा ऋृण, सहयोग प्राप्त गर्ने । प्राप्त अनुदान सोहि कार्यक्रमहरुको कार्यान्वयनको लागी खर्च गर्ने व्यवस्था मिलाउने ।

(ग) समुहको उद्धेश्य वमोजिमका निती तथा कार्यक्रमहरु तर्जुमा गर्ने । भए गरेका निर्णय कार्यान्वयन गर्नु गराउने ।

(घ) लेखापरिक्षक नियुक्त गर्ने, वार्षिक बजेट तर्जुमा एवं आय व्यय विवरणको लेखापरिक्षण गरी पारित गर्ने ।

(ङ) चल अचल सम्पतिको आर्जन, संचालन, उपयोग र प्रचलित कानुन अनुकुल विविध उपायबाट साधन, श्रोत बढाउन आवश्यक व्यवस्था गर्ने ।

(च) समान उद्धेश्य भएका स्वदेशी वा बिदेशी संघ/समुहहरु संग सम्वन्ध स्थापना गरी समितिको उद्देश्य प्राप्तिको लागी काम गर्ने ।

(ञ) आवश्यक्ता हेरी **बिधान संशोधन**, नियम, विनियम आदि बनाउने ।

(ट) कुनै कारणले कुनै पदाधिकारीको पद रिक्त हुन गएमा यसरी रिक्त हुन आएको पद का बाँकी अवधि सम्मको लागी परिपुर्ति गर्ने ।

(ठ) सदस्य हरुको हित, समय परिस्थिती र आवश्यकता अनुसार समुहको विधान र प्रचलित कानुन विपरित नहुने गरी अन्य कुनै निर्णय गर्नु ।

## परिच्छेद -५

## पदाधिकारीको काम, कर्तव्य र अधिकार

## २०. पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

### १. अध्यक्ष को काम, कर्तव्य र अधिकार :-

(क) सामुदायिक समुहको प्रमुख पदाधिकारीको रुपमा रही समितिको उद्देश्य एवं लक्ष्य प्राप्तिमा प्रत्यक्ष नेतृत्व प्रदान गर्नु ,

(ख) बैठक बोलाउने बिषयमा सचिबलाई आवश्यक निर्देशन दिनु ,

(ग) समुहको उद्देश्य पुर्तिका लागी प्रस्तुत कार्यक्रमहरुमा कार्यान्वय स्वीकृत दिनु ,

(घ) समुहको सबै बैठक अध्यक्षता ग्रहण गर्नु । छलफलमा सामुहिक निणय गराउन आवश्यक भुमिका निवाह गर्नु ।

(ङ) कुनै पनि प्रस्तावमा लिइएका मतहरुको संख्या पक्ष विपक्ष दुवैमा बराबर भएमा निर्णायक मत प्रदान गर्नु ,

(च) समुहको सवै प्रकारको बैठकको अध्यक्षता गर्नु ,

(छ) समुहको चल अचल सम्पत्तिको संरक्षण र नियन्त्रण गर्नु ,

(ज) अन्य पदाधिकारी तथा सदस्यहरुको कामको बाँडफाड गर्ने, निर्देशन दिने र राजिनामा स्विकृत गर्नु ।

(झ)समुहको काम कारवाहीको सिलसिलामा अन्य संघ सस्थासंग सम्वन्ध विस्तारको क्रममा प्रतिनिधित्व गर्नु गराउने,

(ञ) समुहको उद्देश्य प्राप्तिको लागी समुहको निर्णय वा आवश्यकता अनुसार कार्य गर्नु गराउने ।

## २. सचिवको काम कर्तव्य र अधिकार :-

(क) अध्यक्षको निर्देशन अनुसार समुहको बैठक बोलाउने ।

(ख) वैठकले पारित गरेका निर्णय कार्यन्वयन गर्ने गराउने ।

(ग) समुहको बैठकको कार्य सुचि तयार गर्ने, सुचना निकाल्ने, बैठकको निर्णय पुस्तिका राख्ने र भए गरेका निर्णयहरु सार्वजनिक गर्ने ।

(घ) कुनै जटील प्रस्ताव उपर निर्णय हुन नसकेमा पुनः छलफल एवं निर्णयार्थ पेश गर्ने ।

(ङ) अध्यक्ष तथा सामुदायिक समुहले तोकेको अन्य काम कार्वाही गर्ने ।

## ३. कोषाध्यक्षको काम कर्तव्य र अधिकार :-

(क) समुहको सम्पूर्ण आय व्ययको स्रेस्ता हिसाव व्यवस्थित रुपमा राखि आर्थिक प्रशासनको पुर्णरुपले दायित्व वहन गर्ने

(ख) समुहले खोजेको बखत समुहको दैनिक कारोवार सम्बन्धि विवरण उपलब्ध गराउने ।

(ग) समुह समक्ष आगामी बर्षको बजेट पेश गर्ने ।

(घ) समुहको कोष वृद्धि गर्न प्रयत्नशिल रहने ।

(ङ) आन्तरीक तथा अन्तिम लेखापरिक्षण गर्ने, गराउने ।

(च) समुहको चल अचल सम्पतिको रेख देख र जिम्मा लिने ।

(छ) आन्तरिक लेखा समितिको गठन गर्न आवश्यक पहल गर्ने ।

**४) <u>सदस्यहरु</u> :-**

(क) प्रत्येक बैठकमा सक्रिय सहभागी भई प्रस्तावहरु उपर छलफल र निर्णय गर्ने ।

(ख) समुहको विकाशको लागी योजना पेश गर्ने ,पारित गर्ने र कार्यन्वयन गराउने ।

(ग) समुहको निर्णय बमोजिम अध्यक्षले दिएको निर्देशनलाई कार्यन्वयन गर्ने, गराउने ।

(घ) तोकिएको अन्य काम गर्ने ।

## परिच्छेद - ६

## आर्थिक व्यवस्था

### २१. आर्थिक श्रोत

समुहको एउटा छुट्टै कोष हुनेछ । कोषमा निम्न अर्थिक श्रोतबाट आर्जन हुने नगदी जिन्सी समुहले तोकिएको बमोजिम राखिनेछ । आर्थिक श्रोतको व्यवस्थापन कोषाध्यक्षले गर्नु पर्नेछ ।

**यस समुहको देहाय बमोजिमका आम्दानीका श्रोतहरु हुनेछ ।**

(क) समुहको आफ्नो आर्जन,

(ख) समुहको आफ्नो आर्जन,

(ग) स्वदेशी , विदेशी एवं अन्तराष्ट्रिय संघ समुहको अनुदान, सहयोग वा ऋण

(घ) कसैले स्वेच्छाले दिएको अनुदान रकम,

(ङ) नगदी जिन्सी वा चल अचल सम्पत्ति बाट प्राप्त ऋण व्याज आदि,

(च) समुहबाट संचालित विभिन्न आय मुलक परियोजना वा घुम्ति कोष बाट प्राप्त रकम,

(छ) विभिन्न श्रोतबाट प्राप्त चल अचल सम्पति तथा वित्तीय निकायहरुसंग लिएको ऋण वा अनुदान ।

(ज) विभिन्न दै -दस्तुर, दण्ड, जरिवानाबाट उठेको रकम ।

२२.**चल अचल सम्पतिको विवरण :-**

यस विधान लागु भएपछि समुहको चल अचल सम्पतिको विवरण प्रत्येक बर्ष अद्यावधिक रुपमा अभिलेख राखिनेछ । साथै वार्षिक रुपमा सार्वजनिक गराईने छ ।

२३.**कोषको संचालन :-**

**कोषको संचालन देहाय बमोजिम हुनेछ :-**

(क) कोषको रकम समुहको नामबाट समुहले तोकेको बैकमा जम्मा गरिनेछ ।

(ख) कोषको रकम आर्थिक नियमावली वमोजिम संचालन हुनेछ । तर आर्थिक नियमावली नवनेसम्म समुहको निर्णय अनुसार संचालन हुनेछ । खाता समुहको अध्यक्ष, सचिव र कोषाध्यक्ष तिनै जना वा तिन मध्ये कुनै दुई को संयुक्त दस्तखतबाट संचालन हुनेछ तर कोषाध्यक्षको दस्तखत अनिवार्य रुपमा हुनु पर्ने छ । । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता पारदर्शी तवरले राख्ने व्यबस्था मिलाउनु पर्नेछ ।

२४.**बजेट व्यवस्था :-**

प्रत्येक आर्थिक वर्षको लागी आवश्यक पर्ने वजेट तयार गरी स्वीकृतिका लागी समुहको वैठकमा पेश गर्नु पर्नेछ । त्यसरी पेश गरिएको बजेटमा देहाय बमोजिमका कुराहरु खुलाउनु पर्ने छ ।

(क) विभिन्न स्रोतबाट हुने आय, व्ययको र आगामी आर्थिक बर्षमा गरिने सम्पूर्ण कार्य विवरण ।

(ख) गत आर्थिक बर्षमा भएको खर्चको विवरण ।

**२५.<u>लेखापरिक्षण</u> :-**

समुहको आय व्यको लेखा प्रचलित कानुन बमोजिम राखिने छ ।

(क) समुहको लेखा परिक्षण प्रचलित कानुन् बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट गराईने छ ।

(ख) सम्वन्धित निकायबाट अधिकार प्रप्त अधिकारीले जुनसुकै बखत पनि समुहको हिसाब किताव जाँच्न वा जचाउन सक्ने छ ।

(ग) लेखा परिक्षकको नियुक्ति समुहको निर्णय बाट हुनेछ ।

(घ) समुहको हिसाब किताबको लेखापरिक्षण प्रत्येक आर्थिक बर्ष समाप्त भएको तिन महिना भित्र वैठकले तोकेको रजिष्टर्ड लेखापरिक्षकद्धारा गराइनेछ । समुहको हिसाब विवरण लेखापरिक्षण प्रतिबेदन प्रत्येक बर्ष समुहमा पेश गरि, पास गराई सार्वजनिक गर्नुको साथै सम्वन्धित निकाय समक्ष पेश गरिनेछ ।

## परिच्छेद ७

## विविध

**२६.अविश्वासको प्रस्ताव :-**

(क) कुनै पदाधिकारी वा सदस्य उपर निजमा अयोग्यता वा कार्य क्षमताको अभाव भएको वा अर्थिक अनियमितता वा समुहको हित विपरीत कार्य गरेको भनी समुहको ५० प्रतिशत सदस्यहरुले अविश्वासको प्रस्ताव पेश गरेमा सो प्रस्ताव समुहको वैठक वसी बहुमतले पारित गरेमा त्यस्ता पदाधिकारी वा सदस्य आफ्नो पद वा सदस्यबाट तत्काल मुक्त भएको मानिने छ ।

(ख) वैठकमा अविश्वासको प्रस्ताव पेश हुनुभन्दा अघि सम्बन्धित सदस्यलाई निज उपर लागेको आरोपको सफाई पेश गर्ने मौका दिइनेछ ।

(ग) जुन व्यक्ति उपर अविश्वासको प्रस्ताव ल्याइएको छ । निजले सो प्रस्ताव सम्बन्धि छलफल र निर्णय गर्ने वैठकको अध्यक्षता ग्रहण गर्न पाउने छैन । तर मतदानमा भाग लिन पाउनेछ ।

**२७.विधान संशोधन :-**

कुल सदस्य संख्याको दुईतिहाई वहुमत सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र यस समुहको विधानको कुनै दफा संशोधन वा खारेज गर्न सकिने छ । सो कुरा सम्वन्धित निकाय समक्ष लेखी पठाउनु पर्नेछ । सम्वन्धित निकाय वाट स्विकृति प्राप्त भएपछि सो व्यवस्था लागु गर्न सकिने छ ।

**२८.नियमावली बनाउने :-**

समुहले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक आर्थिक, प्रशासनिक तथा निर्वाचन सम्वन्धि छुट्टा छुट्टै नियमावली बनाउन सक्नेछ ।

२९. **विषेश व्यवस्था :-**

(क) पदाधिकारीहरले आफ्नो अधिकार मध्ये केही अधिकार कुनै पदाधिकारी सदस्य वा कुनै व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ । त्यसरी प्रत्यायोजित अधिकार प्राप्त गरी काम गर्ने व्यक्तिको सेवाको शर्त र पद नियमावलिमा तोकिएको वमोजिम हुनेछ ।

३०. **व्याख्या : -**

यस विधानको व्याख्या समुहको बैठकले गरे बमोजिम हुनेछ ।

३१. **ऐन अनुसार हुने :-**

यस विद्यानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ । ऐन, नियम र प्रचलित कानुनसंग बाभिन गएका वाभिएको हद सम्म स्वतः निष्कृय हुनेछन ।

आज्ञाले,
नरवीर खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत